**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले हिज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित दोस्रो नागरिक अवार्ड समारोहमा ६८ जना प्रतिष्ठित व्यक्तित्वहरूलाई २०२५ का लागि पद्म पुरस्कार प्रदान गर्नुभयो।

- प्रधानमन्त्री नरेन्द्र मोदीले २०४७ सम्ममा भारतलाई पूर्ण विकसित राष्ट्र बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

- डी.एम.के. सांसद कनिमोझी करुणानिधिको नेतृत्वमा एक सर्वदलीय प्रतिनिधिमंडल आतंकवाद बिरुद्ध प्रतिबद्धता व्यक्त गर्नका लागि भारतको कूटनीतिक प्रयास अन्तर्गत ग्रीस पुगेको छ।

- राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन ह्यासेटले भन्नुभयो भारत अमेरिकासँग सफल व्यापार सम्झौता सम्पन्न गर्ने अन्तिम चरणको नजिक छ।

- आई पी एल क्रिकेटमा, हिज भएको अंतिम ग्रुप स्टेज म्याचमा बेंगलुरुले लखनऊ सुपर जायंट्सलाई छ विकेटले पराजित गर्‍यो।

### राष्ट्रपति-पद्म पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले हिज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित दोस्रो नागरिक अवार्ड समारोहमा ६८ जना प्रतिष्ठित व्यक्तित्वहरूलाई २०२५ का लागि पद्म पुरस्कार प्रदान गर्नुभयो। जसमध्ये तीन जनालाई पद्म विभूषण, ९ जनालाई पद्म भूषण र ५६ जनालाई पद्मश्री प्रदान गरियो। पूर्व प्रधानन्यायाधीश जगदीश सिंह खेहर र कुमुदनी रजनीकान्त लाखियालाई सार्वजनिक मामिला र कलाको क्षेत्रमा योगदान पुऱ्याएकोमा पद्मविभूषणबाट सम्मानित गरिएको छ। प्रसिद्ध लोक गायिका शारदा सिन्हालाई मरणोपरान्त पद्मविभूषण प्रदान गरिएको छ। पद्मभूषणबाट सम्मानित हुनेमा जतिन गोस्वामी, कैलाशनाथ दीक्षित, साध्वी ऋतम्भरा रहेका छन् । प्रसिद्ध अर्थशास्त्री बिबेक देबरोयलाई यो प्रतिष्ठित पुरस्कार मरणोपरान्त प्रदान गरिएको थियो। पद्मश्रीबाट सम्मानित हुनेमा मण्डा कृष्ण मडिगा, डा. नीरजा भटला, सन्त राम देसवाल, सैयद ऐनुल हसन, प्रशान्त प्रकाश र नागेन्द्र नाथ रोय रहेका छन् । आकाशवाणी समाचारले पद्म पुरस्कार विजेताहरूसँग कुराकानी गरेको छ। यो प्रतिष्ठित पुरस्कार पाउँदा प्रापकहरुले आफ्नो खुशी बाँडेका छन्। पूर्व प्रधानन्यायाधीश, न्यायाधीश (सेवानिवृत्त) जगदीश सिंह खेहरले यो आफ्नो लागि ठूलो सम्मान भएको बताउनु भयो|

### प्रधानमंत्री- पद्म पुरस्कार

प्रधानमंत्री नरेंद्र मोदीले पद्म पुरस्कार विजेताहरुले भारतीय समाजमा उल्लेखनीय योगदान दिएको बताउनु भएको छ। सोशल मीडियामा एक पोस्ट गर्दै श्री मोदीले भन्नुभयो पद्म पुरस्कार पाउनेको जीवन यात्रा खुबै प्रेरणादायक छ। प्रधानमंत्री हिज आयोजित सिविल अलंकरण समारोह-II मा सामेल हुनुभयो, जहां पद्म पुरस्कार प्रदान गरिएको थियो।

### प्रधानमन्त्री-गुजरात

प्रधानमन्त्री नरेन्द्र मोदीले २०४७ सम्ममा भारतलाई पूर्ण विकसित राष्ट्र बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

यस लक्ष्यलाई स्वतन्त्रता आन्दोलनसँग तुलना गर्दै श्री मोदीले भन्नुभयो यदि अघिल्ला पुस्ताहरूले २०-३५ वर्षमा औपनिवेशिक शासकहरूलाई हटाउन सक्यो भने, आजका १.४ अर्ब नागरिकहरूले पनि आगामी २५ वर्षमा विकसित भारतको सपना साकार पार्न सक्छन्। हिजो गुजरातको गान्धीनगरमा गुजरात शहरी विकास गाथाको २० वर्षको उत्सवमा बोल्दै, प्रधानमन्त्रीले भारतको उल्लेखनीय आर्थिक वृद्धि र विश्वव्यापी प्रतिस्पर्धीहरूलाई उछिनेकोमा गर्व व्यक्त गर्नुभयो।
भारत चौथो ठूलो अर्थतन्त्र बनेको बारेमा, श्री मोदीले भन्नुभयो यो पूर्व औपनिवेशिक शक्तिलाई उछिनेर आएको ऐतिहासिक उपलब्धि हो। उहाँले २०३६ मा ओलम्पिक खेलकुद आयोजना गर्ने भारतको महत्वाकांक्षा पनि दोहोऱ्याउनु भयो। अपरेशन सिन्दूरको महत्त्वलाई जोड दिँदै, प्रधानमन्त्रीले राष्ट्रिय प्रगतिप्रति आजीवन प्रतिबद्धताको प्रतीकको रूपमा वर्णन गर्नुभयो। श्री मोदीले भन्नुभयो अपरेशन सिन्दूर केवल एक सैन्य पहल मात्र होइन तर प्रत्येक भारतीय नागरिकको जिम्मेवारी हो। प्रधानमन्त्रीले नागरिकहरूलाई आफ्नो दैनिक उपभोगको मूल्याङ्कन गर्न, विदेशी उत्पादनहरू पहिचान गर्न र स्थानीय रूपमा बनाइएका उत्पादनहरूले प्रतिस्थापन गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीले आर्थिक आत्मनिर्भरताको आवश्यकतामा जोड दिनु हुँदै स्थानीय उत्पादन बढाउन र स्वदेशी उद्योगहरूलाई समर्थन गर्न एक जिल्ला, एक उत्पादन रणनीतिको वकालत गर्नुभयो। प्रधानमन्त्री मोदीको दुई दिने गुजरात भ्रमण हिजो सम्पन्न भयो। यस क्रममा श्री मोदीले ८२ हजार करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो।

**वाणिज्य-प्रत्यक्ष विदेशी निवेश**

भारतमा वित्त वर्ष 2024-25 मा 81 अरब 4 करोड़ डॉलरको प्रत्यक्ष विदेशी निवेश भएको छ। यो वित्त वर्ष 2023-24 को 71 अरब 28 करोड़ डॉलरको तुलनामा 14 प्रतिशत अधिक हो। वाणिज्य अनि उद्योग मंत्रालयको बयानमा भनिएको छ 2024-25 मा कुल निवेशमा सेवा क्षेत्रमा सर्वाधिक 19 प्रतिशत, कंप्यूटर सॉफ्टवेयर अनि हार्डवेयरमा 16 प्रतिशत अनि ट्रेडिंगमा 8 प्रतिशत निवेश भएको छ।

**सर्वदलीय प्रतिनिधिमंडल**

डी.एम.के. सांसद कनिमोझी करुणानिधिको नेतृत्वमा एक सर्वदलीय प्रतिनिधिमंडल आतंकवाद बिरुद्ध प्रतिबद्धता व्यक्त गर्नका लागि भारतको कूटनीतिक प्रयास अन्तर्गत ग्रीस पुगेको छ। प्रतिनिधिमंडल स्लोवेनियादेखि ग्रीस पुगेको दलले वरिष्ठ अधिकारियहरुसित भेटघाट गर्नुका साथै आतंकवाद बिरुद्ध शून्य सहनशीलताको भारतको नयाँ मानकमाथि जोड दिनुभयो। यस प्रतिनिधिमंडल स्लोवेनिया अनि रूसको यात्रा समाप्त गरेपछि ग्रीस पुगेको हो, जहां प्रतिनिधिमंडलले ऑपरेशन सिंदूरमाथि हितधारकहरुलाई जानकारी दिनका लागि व्यापक चर्चा गर्यो।

**विशेष - परमवीर चक्र**

अपरेशन सिन्दूरको सफलताको उत्सव मनाउँदै, राष्ट्रले भारतीय सैनिकहरूको वीरतालाई नमन गरिरहेको छ। सशस्त्र बलहरुलाई श्रद्धांजलि स्वरूप आकाशवाणी समाचार प्रभागले विशेष श्रृंखला प्रस्तुत गरिरहेको छ। आज हामी सूबेदार जोगिंदर सिंहलाई स्मरण गरिरहेका छौं। उहाँलाई 1962 को भारत-चीन युद्धको समय सर्वोच्च बलिदान दिए बापत परमवीर चक्रले सम्मानित गरिएको थियो।

**भारत गौरव ट्रेन**

रेल विभागले अघिलो महीनाको 28 तारीखदेखि शुरू हुने रोमांचक 'भारत-भूटान मिस्टिक माउंटेन टूर'का लागि भारत गौरव डीलक्स वातानुकूलित पर्यटक रेल चलाउने छ। आकाशवाणी समाचारसित बात गर्नुहुँदै रेलवे बोर्डका कार्यकारी निदेशक, सूचना एवं प्रचार, दिलीप कुमारले दिल्लीको सफदरजंग स्टेशनदेखि शुरू हुने 14 दिवसीय टूर गुवाहाटी, शिलांग अनि चेरापूंजी हुँदै पश्चिम बंगालको हासीमारा रेलवे स्टेशन पुग्नेछ , जहांबाट पर्यटकहरु सड़क मार्गबाट फुएंत्सोलिंग पुग्नेछन्, अनि त्यहीबाट भूटान प्रवेश गरिने बताउनु भयो। उहाँले भन्नुभयो, टूर अवधि पर्यटक थिम्पू, पुनाखा अनि पारो भ्रमण गर्ने छ, जो आफ्नो प्राकृतिक सुंदरता अनि पवित्र स्थलका लागि प्रसिद्ध छ। उहाँले भन्नुभयो ट्रेनमा 150 यात्रिहरु यात्रा गने क्षमता छ।

**अन्तर्राष्ट्रिय सगरमाथा शिखर सम्मेलन-२०२५**

पहिलो अन्तर्राष्ट्रिय सगरमाथा शिखर सम्मेलन-२०२५ का लागि भारत, चीन, पाकिस्तान, अमेरिका, न्युजिल्याण्ड र अन्य देशका सयौं सगरमाथा आरोहीहरू काठमाडौँमा भेला भए। नेपालका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले शिखर सम्मेलनको उद्धाटन गर्दै भन्नुभयो भावी पुस्ताका लागि हिमाल र हिमाली संस्कृतिको संरक्षण हामी सबैको साझा जिम्मेवारी हो। उहाँले शेर्पा समुदाय, गाइड, उद्धार टोली र हिमाली क्षेत्रमा अथक रूपमा सेवा गर्ने सबैलाई विशेष सम्मान गर्नुभयो, र पर्वतीय यात्रालाई सुरक्षित र प्रकृतिप्रति सचेत बनाउन उनीहरूको निष्ठा'लाई स्वीकार गर्नुभयो ।कार्यक्रममा मन्त्री पाण्डेले सन् १९५३ मा एडमन्ड हिलारीको अभियान टोलीको हिस्साको रूपमा सगरमाथा आरोहण गर्ने कांचा शेरपासँगै धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्वतारोहीहरूलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' ले सम्मानित गर्नुभयो। पर्वतारोहणको क्षेत्रमा अन्य उपलब्धि हासिल गर्नेहरूलाई सम्मान गरिएको थियो,

**भारत-अमेरिका व्यापार सम्झौता: केभिन ह्यासेट**

राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन ह्यासेटले भन्नुभयो भारत अमेरिकासँग सफल व्यापार सम्झौता सम्पन्न गर्ने अन्तिम चरणको नजिक छ। श्री ह्यासेटको टिप्पणी यस्तो समयमा आएको हो जब डोनाल्ड ट्रम्प प्रशासनले बलियो व्यापार प्रस्ताव गर्ने देशहरूका लागि १० प्रतिशत वा सोभन्दा कममा शुल्क घटाउन आफ्नो तयारीको संकेत गरेको छ। ह्वाइट हाउसका आर्थिक सल्लाहकार ह्यासेटले एक निजी समाचार च्यानललाई बताए अनुसार अमेरिका र भारत बीचको व्यापार र शुल्क सम्झौता अन्तिम चरणको नजिक छ

**यूरोपीय संघ-अमेरिका व्यापार वार्ता**

यूरोपीय आयोगले भनेको छ, अद्यक्ष उर्सुला वॉन डेर लेयेन अनि अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिज राती फ़ोन बार्तामार्फत व्यापार वार्तालाई तेज़ गर्न अनि निकट संपर्कमा रहनेमा सहमति जताउनु भएको छ। आयोगको प्रवक्ता पाउला पिन्होले बताए अनुसार व्यापार आयुक्त मारोस सेफ़कोविकको नेतृत्वमा एक वार्ता दलले अमरिकी वाणिज्य सचिव हॉवर्ड लुटनिकसित फ़ोनमा बात भयो। श्री ट्रम्पले भन्नुभयो वॉन डेर लेयेनसित बात गरेपछि 9 जुलाईसम्म यूरोपीय संघमाथि 50 प्रतिशत शुल्क लगाउने घोषणालाई रोकिएको छ।

**आईपीएल क्रिकेट**

आईपीएल टी20 क्रिकेट में, स्टैंड-इन कप्तान जितेश शर्माले आफ्नो करियरको सर्वश्रेष्ठ पारी खेल्दैं रॉयल चैलेंजर्स बेंगलुरुलाई उत्कृस्ट जीत दिलाएको छ| हिज लखनऊको एकाना क्रिकेट स्टेडियममा भएको अंतिम ग्रुप स्टेज म्याचमा बेंगलुरुले लखनऊ सुपर जायंट्सलाई छ विकेटले पराजित गर्यो। 228 रनको बिशाल लक्ष्यलाई खेदो गर्दै रॉयल चैलेंजर्स बेंगलुरुले जितेश शर्माको नाबाद 85 रन अनि विराट कोहलीको 54 रनको मददले 18 ओवर 4 बलमा चार विकेट गुमाएर 230 रन बनाएर म्याच जितेको हो।यसअघि रोयल च्यालेन्जर्स बैंगलोरले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो। पहिले ब्याटिङ गर्दै लखनउ सुपर जायन्ट्सले निर्धारित बीस ओभरमा तीन विकेट गुमाउँदै २२७ रन बनाएको थियो, जसमा कप्तान ऋषभ पन्तले मात्र ६१ बलमा ११८ रनको इनिङ खेलेका थिए।